# अमरगढी नगरपालिका, डडेल्धुरा

## कृषि विकास रणनीतिक अन्तर्दृष्टि

### रणनीतिक सारांश

- यो 'कृषि विकास रणनीतिक अन्तर्दृष्टि २०८१' अमरगढी नगरपालिकाले तयार गरेको कृषि विकास रणनीति तथा कार्ययोजना (२०८१/८२ देखि २०८५/८६) को दस्तावेजको सारांशका रूपमा प्रकाशन गरिएको हो।
- पालिकाको 'स्वदेशी वस्तुको उपभोग गरौ, आन्तरिक उत्पादनलाई प्रोत्साहन गरौ' भन्ने अभियान कृषि विकास रणनीतिको लागि अत्यन्त महत्वपूर्ण अभियान रहेको देखिन्छ ।
- कृषि उत्पाकत्व १० वर्षमा दोब्बर गर्न कृषिको आधुनिकिकरण र व्यaवसायिकरणको योजना सहित कृषि पूर्वाधारमा ठुलो मात्रामा लगानी गर्न थप नीति अवलम्बन गरिने कुरा उल्लेख गरिएको छ ।
- दिगो र आत्मनिर्भर कृषि उत्पादन प्रणाली विकास कृषि पूर्वाधार, समायनुकुल कृषि उत्पादन प्रविधीमा कृषकको पँहुच, बजार पँहुच, कृषि उपजको उचित मूल्य सुनिश्चितता, संस्थागत क्षमता समन्वय तथा जवाफदेहिता कृषि विकास सहितको चार खम्बे कृषि विकास रणनीति लिएको देखिन्छ ।
- अमरगढी नगरपालिका भित्र कृषि विकासलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा योगदान गर्ने कार्यक्रमहरुमा आवश्यक बजेट बिनियोजनको सुनिश्चितता गर्न आवश्यक छ । यसका लागि कृषि विकास रणनीतिमा समावेश योजना र कार्यक्रमका लागि पहिलो प्रथमिकतामा राखेर बजेट सुनिश्चितता गर्नु पर्दछ । संघिय तथा प्रदेश सकारबाट शसर्त तथा विशेष अनुदान अन्तर्गत कृषिका लागि विशेष अनुदान बिनियोजनका लागि आवश्यक समन्वय गर्न आवश्यक छ ।
- कृषि क्षेत्रमा पनि अन्तर्राष्ट्रिय संघसंस्थाहरु तथा दातृ निकायहरुसँग योजनाको छलफल गर्ने र कृषि विकासमा साझेदारी गर्न आवश्यक छ । गैरसरकारी संस्थाहरुलाई कृषि विकासमा स्रोत परिचालन गर्न प्रोत्साहन र सहजीकरण जरुरी छ । नीजि क्षेत्रलाई कृषि बजार विकास, उपज प्रशोधन, कृषि प्रविधि विस्तार लगायतका क्षेत्रमा लगानीं गर्न आवश्यक र सम्भाव्य नीतिगत व्यावस्था र साझेदारीका लागि वातावरण बनाउन आवश्यक छ ।
- लैंगिक समानता तथा समाजिक समावेशिकरण नीतिको प्रवर्धन कार्यान्वयनमा नगरपालिकाको निरन्तर अठोट र नीतिगत प्रतिबद्धता देखिएकोले यसको कार्यान्वयनका क्रममा व्यावहारिक विधि अवलम्बन गर्न जरुरी छ ।
- लोपोन्मुख खाद्यान्न बालीको लागि विशेष किसिमका कार्यक्रमहरु जस्तै कोदो, फापर, कागुनो, मुसुरो, धान लगायतका जातिय बाली संरक्षण गर्न आवश्यक छ । उच्च मूल्य बाली र 'एक गाँउ एक उत्पादन' अभियान अन्तर्गतका गतिविधि कार्यान्वयन गर्न आवश्यक छ ।
- जलवायु परिवर्तनका कारण भैरहेको अप्रत्यासित रोग तथा किराहरुबाट बाली संरक्षण र वन्यजन्तुबाट हुने हानी नोक्सानीको जोखिम न्युनिकरणका लागि विशेष पहल गर्न आवश्यक छ ।

### विषय सन्दर्भ

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ स्थानीय तहका संविधानको अनुसूची ८ मा भएका २२ वटा मुख्य अधिकारका ऐनको परिच्छेद ३ को दफा ११ मा गाउँपालिका र नगरपालिकालाई दिइएको अधिकार अनुसार कृषि विकास, कृषि प्रसार, कृषि बजार, सडक र सिँचाइ प्रणालीको निर्माण कृषि तथा पशुपालन, कृषि उत्पादन व्यावस्थापन पशु स्वास्थ्य, सहकारी, सम्बन्धि १३ वटा बुँदामा

उल्लेख गरिएको छ । यसै अधिकारको कार्यान्वयन गर्न अमरगढी नगरपालिकाले गत वर्ष पालिकास्तरिय कृषि विकास रणनीति तथा कार्ययोजना निर्माण गरिएको थियो । यसै कार्ययोजनाका आधारमा संक्षिप्त रुपमा कृषि विकास रणनीतिक अन्तर्दृष्टि तयार गरि प्रकाशन गरिएको छ ।

## अमरगढी नगरपालिकाको कृषिको अवस्था

अमरगढी नगरपालिका डडेल्धुरा जिल्लाको एक पहाडी भूगोलमा अवस्थित पालिका हो । यस नगरपालिकालाई जम्मा ११ वटा वडामा विभाजन गरिएको छ । डडेल्धुरा जिल्लाका ६ वटा पालिकासँग सिमाना जोडिएको अमरगढी नगरपालिकाको जम्मा क्षेत्रफल १३९.३३ वर्ग किलोमिटर छ । यसको भूगोल न्युनतम लगभग ८०० मिटरदेखि अधिक्तम २५०० मिटरको उचाईमा अवस्थित छ । यस पालिकामा भौगोलिक विविधता अनुसार विभिन्न पारिस्थितिक अवस्था रहेको छ ।

आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा प्राकृतिक स्रोत व्यaवस्थापन भित्र कृषि विकास, पशुपन्छी विकास, खाद्य सुरक्षा तथा पोषण, सिँचाइ, भूमि व्यावस्था लगायत कृषि र आर्थिक विकाससँग जोडिएका उपक्षेत्रहरूको सोच, लक्ष्य, रणनीति र कार्यनीतिहरू प्रस्तुत गरिएको छ । कृषि विकासको क्षेत्रगत सोच अन्तर्गत ‘कृषि मर्यादित र आधारभूत व्यावसायको अंग’ हुने कुरा उल्लेख छ । जीवनोपयोगी, आत्मनिर्भर तथा सामाजिक उद्यमशीलतामा आधारित व्यावसायको रुपमा कृषि क्षेत्रको रुपान्तरण गर्ने कृषि विकासको लक्ष्य निर्धारण गरिएको छ । कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गरी खाद्य तथा पोषण सुरक्षा सुनिश्चित गर्ने, आधुनिक मल बिउ, सिँचाइ, प्राविधिक र प्रविधिको पहुँच विस्तार गरी कृषिमा विविधिकरण, व्यावसायिकरण र तुलनात्मक फाइदाको अनुभूति सहित निर्वाहमुखी कृषिलाई व्यावसायीमुखी बनाउने उद्देश्यहरू लिईएको छ।

पशुपन्छी विकास अन्तर्गत ‘पशु पन्छी क्षेत्रको सुधार, स्थानीय जनजीविकाको आधार’ भन्ने सोच राखिएको छ । अमरगढी नगरपालिकाको विद्यमान भू–उपयोग हेर्दा नगरपालिकाको लगभग ६१ प्रतिशत वन, २७ प्रतिशत खेती योग्य जमिन, झाडी तथा बुट्यान १० प्रतिशत, चरन क्षेत्र २ प्रतिशत रहेको छ । पशुपालन व्यावसायको दिगो व्यावस्थापनका लागि समुदायको सहभागितामा परम्परागत ज्ञान, प्रविधि र सीपको उपयोग गर्दै वातावरण मैत्री प्रविधिहरू अपनाई वैज्ञानिक विधि र व्यावस्थापन पद्धति अवलम्बन गर्ने लक्ष्य परिभाषित गरिएको छ ।

त्यसैगरी खाद्यान्नमा आत्मनिर्भरता तथा पोषण सुरक्षासहितको सुविधा र पूर्वाधारलाई दिगो कृषि विकासको आधार भनिएको छ । कृषि योग्य जमिनमा भरपर्दो सिँचाइ सुविधा पु¥याउने लक्ष्य राखिएको छ । सामाजिक न्यायमा आधारित उत्पादनमुखी दिगो भूमि व्यावस्थापन गर्ने सोच लिइएको छ । भू–उपयोग नीति अनुसार जमिनको उपयोग गर्ने, जमिनको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने तथा भूमिको व्यवस्थित र आधुनिक तरिकाले अभिलेख राख्ने उद्देश्यहरू पनि योजनामा राखिएको छ । अमरगढी नगरपालिकाको ९१ प्रतिशत कृषकले कुनै न कुनै पशु चौपाया पाल्ने गरेका छन् । गाई गोरु पाल्ने कृषकको हिस्सा ६५ प्रतिशत देखिन्छ । राँगा÷भैंसी पाल्ने कृषक परिवार संख्या ३३ प्रतिशत छ । बाख्रा च्याङ्ग्रा पाल्ने कृषकको हिस्सा ७२ प्रतिशत छ । कुखुरा र अन्य पन्छी पाल्ने कृषकको संख्या क्रमशः १८ प्रतिशत र १ प्रतिशत छ । औसतमा प्रति कृषक पाल्तु चौपाया वा पन्छीको संख्या कुखुरा बाहेक १० भन्दा कम देखिएको छ । केही कृषकले कुखुरा पालनलाइ व्यावसायिक रुपमा गरेका छन। समग्रमा भन्दा पशुपन्छीको ठूलो स्तरमा उत्पादन भएको देखिदैन वा व्यावसायिक उत्पादन कम संख्यामा मात्र सीमित छ । प्रमुख फलफूल बालीको रुपमा आँप, केरा, सुन्तला र कागतीको उत्पादन प्रमुख हो।

## अन्तर्दृष्टि तयारिका बिधिहरु

आर्थिक वर्ष २०८१ को सुरुमा यस नगरपालिकाले सहभागीतात्मक सूचना सङ्कलनका विधिहरू प्रयोग गरेर नगरपालिका स्तरीय कृषि विकास रणनीतिक कार्ययोजना तयार गरेको थियो । त्यहि रणनीतिक कार्ययोजनाका आधारमा यो संक्षिप्त रणनीतिक अन्तर्दृष्टि तयार गरिएको हो । रणनीतिक कार्ययोजना बनाउन सहभागितात्मक नीति विश्लेषण, समुह केन्द्रित छलफल, मुख्य सरोकारवालाहरुसँग अन्तर्क्रिया र द्वितीय सूचना संकलन लगायतका विधिहरु प्रयोग गरिएको थियो ।

## कृषि सम्बन्धी प्रमुख प्राथमिकता क्षेत्रहरु

अमरगढी नगरपालिकाले कृषि व्यावसाय प्रवर्द्धन ऐन २०७५ बनाई विभिन्न व्यावस्था समावेश गरिएको छ । कृषि व्यावसायीकरण गर्न, कृषि व्यावसायको प्रवर्द्धन र व्यावस्थापन गर्न, कृषक एवं कृषि व्यावसायीबीच आपसी सम्बन्धमा सुदृढ गर्न तथा कृषि कार्यक्रमको माध्यमबाट उत्पादन बढाउन र बजारीकरणद्वारा व्यावसायिक रुपमा समग्र कृषि विकासका लागि कानूनी व्यावस्था गर्न कृषि व्यावसाय प्रवर्द्धन ऐन २०७५ जारी गरिएको हो । अमरगढी नगरपालिका भित्र विविधतापूर्ण भौगोलिक उचाई, तापक्रम, माटो, तथा कृषि चलनका आधारमा, कृषि बाली, पशुपन्छी तथा अन्य कृषि प्राथकिताहरूका चारवटा फरक फरक कलष्टर बनाइ कार्क्रम लागु गर्ने रणनीति लिएको छ ।

| क्लष्टर | वार्ड | प्राथमिकताप्रद कृषि बाली | प्राथमिकताप्रद पशु पन्छी | अन्य |
|---|---|---|---|---|
| १. | १,२,३ | तरकारीः आलु, सिमी, च्याउ<br>फलफुलः स्याउ, किवी, ओखर | भैँसी, बाख्रा, कुखुरा | जैविक उन्मुख उत्पादन |
| २. | ४,५,६ | फलफुलः सुन्तला जात, किवी, ओखर<br>प्रशोधनः तरकारी, दुग्धजन्य, आलु, च्याउ | स्थानिय कुखुरा, बाख्रा, | कृषि पर्यटन, होमस्टे |
| ३. | ७,८,९ | तरकारीः बसन्ते, वर्षे, हिउँदे<br>मसलाः लसुन, प्याज<br>रैथाने कोशे बालीः गहत, भटमास<br>फलफुलः आँप, लिचि, केरा | बाख्रा, भैँसी, कुखुरा | रैथाने कोशेबाली |
| ४. | १०,११ | तरकारीः बसन्ते, वर्षे, हिउँदे<br>तेलहनः तोरी, फलफुलः आँप, लिची, केरा | बाख्रा, भैँसी, कुखुरा | मौरीपालन |

## अमरगढी नगरपालिकाको रणनीतिक कार्यहरु

- नव प्रवर्द्धनकारी यूवा तथा उद्यमी र वैदेशिक रोजगारवाट फर्केका अनुभवी तथा सीपयुक्त कृषि उद्यमीलाई कृषि उद्योग व्यावसाय सुरु गर्न सुरुवाती पुंजी उपलब्ध गराउने सरकारको नीतिसँग समन्वय गरिने छ ।
- कृषि तथा पशुपालन पेशालाई व्यावसायिक र यान्त्रिकरण गर्न कृषि पूर्वाधार विकास, कृषकहरुको क्षमता विकास गर्दै युवा रोजगारी सिर्जना, गरिबी निवारणमा योगदान पुग्ने गरि समावेशी आर्थिक विकासका कार्यक्रम कृषकको साझेदारीमा सञ्चालन गरिनेछ । पशु तथा बाली विमामा कृषकहरुलाई प्रेरित गर्नुका साथै नगरपालिकाबाट समेत बजेट व्यावस्था गरि जोखिम न्यूनिकरणमा जोड दिइनेछ ।
- अमरगढी नगर क्षेत्र भित्रका सबै खाले जमिनलाई खेर जान नदिने र कृषि योग्य भूमिको पूर्ण उपयोग गरि सघन खेती प्रणालीका माध्यमबाट ठूलो परिमाणमा कृषि उत्पादन गर्ने नीति कार्यान्वयनमा ल्याइनेछ । कृषि पेशालाई सम्मानित र प्रतिष्ठित पेशाका रुपमा विकास गर्न नमूना कृषि व्यावसाय सञ्चालन गरिरहेका कृषकहरुका लागि सर्वोत्कृष्ट र उत्कृष्ट कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ ।
- व्यावसायिक गाई, भैँसी, बंगुर, बाख्रा, फार्मको रुपमा विकास र विस्तारका लागि लागत सहभागितामा अनुदान दिने नीति अवलम्बन गरिने छ । उन्नत जातका पशु आयातमा जोड दिँदै लोप भइरहेका स्थानीय पशु प्रजातिहरुको संरक्षण गरि दुग्ध र मासुजन्य उत्पादनमा जोड दिइने छ ।
- कृषि क्षेत्रमा थप आधुनिकिकरण एवम् यान्त्रिकरण र विशिष्टीकरण गरि उत्पादकत्व तथा उत्पादन वृद्धिमा जोड दिई प्रधानमन्त्री कृषि आधुनिकरण परियोजना सँग समन्वय र साझेदारी गरिने छ ।
- नियमित माटो परिक्षण, रोग तथा कीरा परिक्षण गर्न आधारभुत कृषि परिक्षण प्रयोगशाला विस्तार गरिने छ । कृषकलाई माटोको प्रकार, गुणस्तर, हावापानी अनुकुल खेती गर्न उचित मात्रामा मल, बीउ र विषादीको प्रयोग सम्बन्धमा प्राविधिक सेवा उपलब्ध गराईने छ ।

- नश्ल सुधारका कार्यक्रम सञ्चालन गरि उन्नत नश्लको व्यावसायिक पशुपंक्षी पालन गर्न कृषकलाई प्रोत्साहन गरिने छ । पोषणयुक्त घाँसजन्य पशुआहरको प्रवर्द्धन गरिने छ । पशुपालनका लागि घाँसखेती, बृहत् चरिचरन विकास गरिने छ ।
- पशुजन्य उत्पादनको गुणस्तर, नियन्त्रण तथा नियमन गरि बजार व्यावस्थापनमा सहजीकरण गरिने छ । गुणस्तरीय पशु स्वास्थ्य सेवा विस्तार गरिने छ । पशुरोग विरुद्ध खोपका कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।

## अमरगढी नगरपालिकाको कृषि विकासको रणनीतिक ढांचा

अमरगढी नगरपालिकाको आवधिक विकास योजनानामा समष्टिगत प्राथमिकता तथा रणनीतिको रुपमा कृषि तथा पशुजन्य उत्पादनको व्यावसायिकरण, विविधिकरण तथा औद्योगिकीकरणका माध्यमबाट दिगो उत्पादन, रोजगारी र आय वृद्धि गर्ने उल्लेख गरिएको छ । त्यसका लागि कृषि विकासका माध्यमहरु र पालिका स्तरीय कृषि विकास रुपरेखा तल चित्रमा उल्लेख गरिएको छ ।

### कृषि विकासका माध्यमहरु

- कृषि अनुसन्धान, कृषि प्रसार र नवप्रवर्तन प्रोत्साहन
- कृषक समूह तथा सहकारीको क्षमता विकास
- कृषि तथा पशुपन्छी विमाको प्रभावकारी अवलम्वन र सामुन्यायिक कृषि अनुदान व्यावस्था
- स्थानीय खाद्य प्रणाली प्रवर्धन र आत्म निरभर्ता
- कृषि सुशासन र जवाफदेहिता सुदृढिकरण
- वातावरणिय उत्थानशिल तथा जलवायु सम्बेदनशील प्रविधि
- कृषि पूर्वाधार र स्थानिय स्रोतको परिचालन
- सामुदायिक बिउ बिकास कार्यक्रम
- संस्थागत समन्वय तथा शुसासन
- जलवायु समाकुलन प्रविधिमा कृषकहरूको पहुँच
- प्राथमिकतापद वालीको उत्पादन र उत्पादकत्व बढाउने

### पालिका स्तरीय कृषि बिकास

- खाद्य तथा पोषण सुरक्षा
- कृषकको आम्दानीमा वृद्धि
- रोजगारी सृजना र कृषिमा युवाहरूको सहभागिता
- सिमान्तकृत मिहिन आस्रित परिवारहरूको जीबनस्तर सुधार
- दीगोपन र समानुकुलताको सोच
- नीजि सहकारी र सामुदायिक क्षेत्रको विकास
- सामाजिक न्याय र समावेशिकरणको सुधार
- दिगो र आत्म निर्भर कृषि उत्पादन प्रणालीको विकास
- कृषि पूर्वाधार र समाकुलन प्रविधिमा कृषकको पहुँच
- बजार पहुँच र कृषि उपजको उचित मूल्य सुनिश्चितता
- संस्थागत क्षमता, समन्वय तथा जवाफदेहिता

## निष्कर्ष

यस कृषि विकास रणनीतिका मुख्य उपलब्धी अन्तर्गतको गतिविधिहरुको कार्यान्यनका लागि पाँच वर्षको लागि लगभग २३ करोड रुपैया अनुमान गरिएको छ । दिगो र आत्मनिर्भर कृषि उत्पादन प्रणाली विकास, कृषि पुर्वाधार र समायनुकुल प्रविधिमा कृषकको पँहुच, बजार पँहुच र कृषि उपजको उचित मूल्य सुनिश्चितता, संस्थागत क्षमता, समन्वय तथा जवाफदेहिताको लागि क्रमश ३७, ३७, ११ र १३ प्रतिशत बजेट बिनियोजन गरिएको छ । त्यसका लगी स्थानीय कृषक, कृषि सहकारी, गैरसरकारी संस्थाहरु, बैंक तथा वित्तिय संघ संस्थाहरु, अनुसन्धान संस्थाहरु, कृषि अध्ययन अध्यापन अन्तर्गतका संघ संस्थाहरु, एग्रोभेट ब्यावसायीहरु, नीजि क्षेत्र, जनप्रतिनीधिहरुबीच कार्यगत सहकार्य तथा समन्वय अति जरुरी छ । यो कृषि विकास रणनीति कार्यान्यनका लागि १५ सदस्यीय पालिका स्तरीय स्थानीय कृषि विकास रणनीति कार्यान्वयन तथा समन्वय समितिको परिकल्पना गरिएको छ । यसको बिस्तृत जानकारी कार्ययोजना यसै नगरपालिकाको कृषि विकास शाखाबाट उपलब्ध गराउन सकिने छ ।

**Supported by:**

KUSOM POLICY LAB
Center of Excellence and Policy Think Tank in Public Policy and Governance

GRAPE
Green Resilient Agricultural Productive Ecosystems

जर्मन सहयोग
DEUTSCHE ZUSAMMENARBEIT

giz